आज मिति २०८२ साल चैत्र ५ गते बिहीबारका दिन यस साकेला गाउँपालिकाका अध्यक्ष श्री रवि प्रकाश राईज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा निम्न बमोजिमको प्रस्ताव उपर छलफल गरि निर्णय पारित गरियो ।

उपस्थिती-

१. गाउँपालिका अध्यक्ष श्री रवि प्रकाश राई

२. गाउँपालिका उपाध्यक्ष श्री बिर्सिका राई

३. वडा नम्बर १ का वडा अध्यक्ष श्री हेमन राई

४. वडा नम्बर २ का वडा अध्यक्ष श्री जितेन्द्र कुमार राई

५. वडा नम्बर ३ का वडा अध्यक्ष श्री गोविन्द तामाङ

६. वडा नम्बर ४ का वडा अध्यक्ष श्री अर्जुन कुमार कटवाल

७. वडा नम्बर ५ का वडा अध्यक्ष श्री जिवन खत्री

८. कार्यपालिका सदस्य श्री मन कुमारी राई

९. कार्यपालिका सदस्य श्री सुजना वि.क.

१०. कार्यपालिका सदस्य श्री भगवती वि.क.

११. कार्यपालिका सदस्य श्री सर्मिला कट्टेल

१२. कार्यपालिका सदस्य श्री दिपक सुनार

१३. कार्यपालिका सदस्य श्री नर बहादुर दर्जी

१४. सदस्य-सचिव नि.प्रमुख प्रशासकीय अधिकृत श्री दुर्ग बहादुर राई

आमन्त्रित तथा सहयोगी

१. सूचना अधिकारी श्री डिल्लीमान राई

२. आर्थिक प्रशासन प्रमुख श्री उत्तम आचार्य

३. स्वास्थ्य शाखा संयोजक श्री कमल प्रसाद फुयाल

४. कार्यालय सहयोगी श्री राजन खड्का

**प्रस्तावहरु-**

१. बहुक्षेत्रीय पोषण कार्यक्रम सम्बन्धमा

२. विविध सम्बन्धमा

निर्णयहरु-

प्रस्ताव नम्बर १ माथि छलफल गर्दा युरेपियन युनियनको नगद अनुदान सहयोग सशर्त कार्यक्रमद्वारा यस साकेला गाउँपालिकालाई बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनका लागि प्राप्त कूल रकम रु. १८,००,०००/- अक्षरेपी अठार लाख रुपैयालाई कार्यान्वयन गर्ने विषयमा छलफल हुँदा तपशिल बमोजिम हुने गरि कार्यक्रम शंसोधन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

<u>बहुक्षेत्रीय पोषण कार्यक्रम संशोधन समेत</u>

| आयोजना तथा कार्यक्रमको नाम | बजेट रु. | संशोधन गरिएको कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| बहुक्षेत्रीय पोषण कार्यक्रमको पोषण सहजकर्ताको पारिश्रमिक | ३,३५,०००/- | बहुक्षेत्रीय पोषण कार्यक्रमको पोषण सहजकर्ताको पारिश्रमिक | ३,३५,०००/- |
| सुनौलो हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान | ७,००,०००/- | सुनौलो हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान | ७,००,०००/- |
| पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन | ७,६५,०००/- | पोषण सम्बन्धी वाल पेन्टिङ | ५०,०००/- |
| | | सार्वजनिक तथा नीजि शौचालयको प्रयोग, सरसफाई तथा व्यवस्थापन अभियान | २५,०००/- |
| | | पोषण तथा खाद्य सुरक्षा समितिको वैठक | ५०,०००/- |
| | | फोहरमैला व्यवस्थापनका लागि डष्टविन व्यवस्थापन | ६,२०,०००/- |
| | | सुनौलो हजार दिनका छनौट भएका विपन्न महिलाहरुको लागि पोषण सुधार अनुदान उपयोग र व्यवसायिक सीप विकास तालिम तथा अभिमुखिकरण | २०,०००/- |
| जम्मा रु. | १८,००,०००/- | जम्मा रु. | १८,००,०००/- |

प्रस्ताव नम्बर २ को विविधमाथि छलफल गर्दा निर्णय गर्नुपर्ने अन्य विषय नभएकाले अध्यक्ष ज्यूद्वारा आजको वैठक यहीं समापन गर्ने निर्णय गरियो ।